आज मिति २०७६ साल कात्तिक महिनाको १९ गते मंगलबार दिनको ११.०० बजे मिथिला नगरपालिकाका प्रमुख श्री हरिनारायण महतो ज्यूको अध्यक्षतामा निम्न अनुसार उप-प्रमुख, वडा अध्यक्ष तथा कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा कार्यपालिकाको बैठक बसी नेपालको संविधानको धारा २१४ तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को क्षेत्राधिकार भित्र रही तपसिल अनुसारको प्रस्तावहरुमा छलफल भई तपसिल अनुसारका निर्णय गरियो ।

| सि.न | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | नगर प्रमुख | हरि नारायण महतो | |
| २ | उप प्रमुख | तारा कुमारी बस्नेत | |
| ३ | वडा अध्यक्ष (१) | लक्ष्मी महतो | |
| ४ | वडा अध्यक्ष (२) | विहारी महतो | |
| ५ | वडा अध्यक्ष (३) | राम एकवाल महतो | |
| ६ | वडा अध्यक्ष (४) | विष्णुहरि खदाल | |
| ७ | वडा अध्यक्ष (५) | श्यामबाबु यादव | |
| ८ | वडा अध्यक्ष (६) | भक्त वहादुर बलम्पाकी | |
| ९ | वडा अध्यक्ष (७) | युबराज उप्रेती | |
| १० | वडा अध्यक्ष (८) | देवनारायण महतो | |
| ११ | वडा अध्यक्ष (९) | दिपकजंग थापा | |
| १२ | वडा अध्यक्ष (१०) | सविन विक्रम थापा | |
| १३ | वडा अध्यक्ष (११) | वेद वहादुर कार्की | |
| १४ | कार्यपालिका सदस्य | जहरी देवी महतो | |
| १५ | ,, ,, | ठेट कुमारी दहाल | |
| १६ | ,, ,, | रेणु हेन्जन | |
| १७ | ,, ,, | सीता भित्रीकोटी | सीता |
| १८ | ,, ,, | अनिता परियार | अनिता |
| १९ | ,, ,, | राजदेव ठाकुर | |
| २० | ,, ,, | गुलाब ठाकुर | |
| २१ | ,, ,, | देवी वहादुर तोलांगे | |
| २२ | प्रमुख प्रशासकीय अधिकृत( सचिव) | राम कुमार कार्की | |
| | **सहयोगी कर्मचारीहरु** | | |
| १. | जिना लामा | सहायक चौथो | |
| | | | |
| | | | |

69.

मिथिला नगरपालिका

नगर कार्यपालिकाको बैठकको

प्रस्ताव तथा निर्णयहरु

मिति २०७६।०७।१९

बैठकका प्रस्तावहरु

प्रस्ताव नं. १ :- शहीद मुगालाल मोहन अस्पताल निर्माणको लागि मिथिला नगरपालिका वडा नं. ७ मा जग्गा उपलब्ध गराउन सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. २ :- ढल्केवर स्वास्थ्य चौकीलाई स्तरोन्नतीको लागि जग्गा सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ३ :- वडा नं. १,५,७,८ र १० मा स्वास्थ्य चौकी स्थापन गर्नको लागि भवन तथा कर्मचारीहरुको व्यवस्थापन गर्नको लागि सिफारिस गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ४ :-तराई मधेश सम्वृद्धि कार्यक्रम अन्तरगत वडा नं. ७ मा सामुदायिक भवन निर्माणको लागि अनुदान रु २५,००,०००।०० मा मि. न.पा.बाट थप गरी सामुदायिक भवन निर्माण गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ५ :- सडक वोर्डको रकमबाट सडक निर्माण गर्नको लागि स्थान छनौट गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ६ :- दंगा प्रहरी कार्यालयलाई मर्मत सम्भार शिर्षकबाट रकम विनियोजन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ७ :- वडा नं. ११ मा रहेको सामुदायिक भवन (बाहुनमारा) को रङ्गरोगन गर्ने सम्बन्धमा ।

प्रस्ताव नं. ८ :- पूर्व पश्चिम राजमार्गको ढल्केवर चौकमा रहेको पार्क सौन्दर्यकरण गरी पार्क भित्र भ्यू टावर निर्माण र प्रदेश नं. २ को राजधानी जाने बाटोमा स्वागत द्वार (गेट) निर्माण गर्ने सम्बन्धमा ।

62.

प्रस्ताव नं. ९ :- साविक ढल्केवर वडा नं. ३ खानेपानी टंकी देखि साविकको वडा नं. २,४,५,६ र ७ हुदै महेन्द्र मा.वि. ढल्केवर जोड्ने रिङ्ग रोड १३ कि.मि. निर्माण सम्बन्धमा ।

प्रस्ताव नं. १० :- विविध सम्बन्धमा ।

## बैठकका निर्णयहरु

**निर्णय नं १ :-**

प्रस्ताव १ माथि छलफल गर्दा मि.न.पा. वडा नं. ७ स्थित साविक गा.वि.स. ढल्केवर वडा नं. २/क कित्ता नं. १६९ को क्षेत्रफल ४–०–०–० (चार विघा) ऐलानी पर्ति रहेको हुदा उक्त जग्गामा शहिद मुगालाल मोहन अस्पताल संचालन गर्नको लागि उपलब्ध गराउन नेपाल सरकारलाई अनुरोध गरी श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सिफारिस गर्ने ।

**निर्णय नं २ :-**

प्रस्ताव २ माथि छलफल गर्दा ढल्केवर स्वास्थ्य चौकीको नाममा रहेको लालपुर्जामा ०–२–१०–० भएतापनि अन्दाजी ०–१५–०–० भोग चलन जग्गामा अस्पताल निर्माण गरी ढल्केवर स्वास्थ्य चोकीलाई स्तरोन्नती गरीदिन श्री सहरी विकास कार्यालय, धनुषालाई सिफारिस गर्ने ।

**निर्णय नं ३ :-**

प्रस्ताव ३ माथि छलफल गर्दा मि.न.पा. अन्तरगत वडा नं. १,५,७,८ र १० मा स्वास्थ्य चौकी नभएको र नेपाल सरकारको नीति अनुसार प्रत्येक वडामा स्वास्थ्य चौकी स्थापना गर्नुपर्ने भएकोले प्रत्येक वडाहरुमा स्वास्थ्य चौकी स्थापना गने तथा सोको लागि आवश्यक पर्ने भवन, कर्मचारीहरु तथा थप बजेटको व्यवस्थापन गरीदिनुहुनको लागि श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं ४ :-**

प्रस्ताव ४ माथि छलफल गर्दा तराई मधेश सम्वृद्धि कार्यकम अन्तरगत वडा नं. ७ मा सामुदायिक भवन निर्माणको लागि अनुदान रु २५,००,०००।०० (अक्षरेपी रु पच्चीस लाख) उपलब्ध गराउने भएकोले यस मि.न.पा.का बाट भवनको डिजाइन, स्टीमेट तथा लागत अनुमान त्यार गरी सोही बराबरको रकम थप गरी भवन निर्माण गर्ने ।

**निर्णय नं ५ :-**

प्रस्ताव ५ माथि छलफल गर्दा सडक बोर्डको रकमबाट यस न.पा.को वडा नं. ४ अन्तर्गत पुष्पवलपुर देखि रतनपुरसम्म सडक निर्माणका लागि छनौट गर्ने ।

**निर्णय नं ६ :-**

प्रस्ताव ६ माथि छलफल गर्दा २ नम्बर प्रदेश दंगा नियन्त्रण प्रहरी गण जनकपुर हाल मिथिला न.पा. ६ ढल्केवर धनुषा स्थित सडक डिभिजन शाखा कार्यालय ढल्केवरको भवन सरसफाई गरी कार्यालय संचालन गर्दै आएकोमा यस परिसरमा अवस्थित भवनहरु जिर्ण अवस्थामा रहेको झ्याल, ढोका समेत भत्किएको तथा जस्ताको छानो समेत चुहिने अवस्थामा रहेको हुदा मर्मत सम्भार शीर्षकबाट नियमानुसार आवश्यक रकम विनियोजन गर्ने ।

**निर्णय नं ७ :-**

प्रस्ताव ७ माथि छलफल गर्दा वडा नं. ११ मा रहेको सामुदायिक भवन (बाहुनमारा) को रङ्गरोभन गर्नका लागि मर्मत सम्भार कोषबाट आवश्यक रकम उपलब्ध गराउने ।

**निर्णय नं ८ :-**

प्रस्ताव ८ माथि छलफल गर्दा यस मि.न.पा. अन्तर्गत पूर्व पश्चिम राजमार्गको ढल्केवर चौकमा रहेको पार्क सौन्दर्यीकरण गरी पार्क भित्र भ्यू टावर निर्माण तथा प्रदेश नं. २ को राजधानी जाने बाटोमा स्वागत द्वार (गेट) निर्माण गरि दिनुहुनको लागि सहरी विकास मन्त्रालय, बबरमहललाई सिफारिस गर्ने ।

**निर्णय नं ९ :-**

प्रस्ताव ९ माथि छलफल गर्दा यस मि.न.पा. साविक ढल्केवर वडा नं. ३ खानेपानी टंकी देखि साविक वडा नं. २,४,५,६ र ७ हुदै महेन्द्र मा.वि. ढल्केवर जोडिने रिङ्ग रोड १३ कि.मि. निर्माण गरी दिनुहुनको लागि श्री सहरी विकास मन्त्रालयलाई सिफारिस गर्ने ।

**निर्णय नं १० :-**

- प्रस्ताव १० माथि छलफल मि.न.पा. ६ मा रहेको ईलाका स्वास्थ्य चौकीमा नै ट्रमा सेन्टर संचालन गर्ने निर्णय गरियो ।
- सार्वजनिक विदाको दिन पाले पहरा र कार्यालयको काम गरे बापत हाजिरी प्रशासन शाखाबाट प्रमाणित भई आएमा सुपरभाईजरलाई रु २२५।०० र पाले पहरा, सवारी चालक तथा सरसफाई गर्ने कर्मचारीलाई रु २००।०० दिने निर्णय गरियो ।
- वडा नं. १० मा रहेको धनेश्वर पर्यटन विकास क्षेत्र तथा धनेश्वर महादेव मन्दिरको DPR/DER गर्ने ।